# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी प्रदेश नं.२

पत्र संख्या:-२०७८/०७९
च.नं.:-

मिति:-२०७८।०८।०६

सूचना । सूचना ॥ सूचना ॥।

## सूचना प्रकाशित मिति:- २०७८।०८।०६

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. ६ स्थित विद्यालय नजिक(बासोपट्टी गाँउको) पोखरी-१ को आ.व. २०७८।०७९ को २०७८ साल पौष ०५ गते देखी आ.व. २०८२।०८३ को २०८३ साल पौष ०४ गते मसान्त सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र दिन हुन सर्वसाधारणको जानकारीको लागि दोस्रो पटक यो १५ दिने सिलबन्दी बोलपत्र दिन दर्ता गराउन हुन सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१.उल्लेखित पोखरीको शिलबन्दी बोलपत्र दिनु पर्ने छ र शिल बोलपत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनु पर्ने छ ।

२.बोलपत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.३००।-तिरी १५औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. शिलबन्दी बोलपत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४.पर्न आएको शिलबन्दी बोलपत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने काम रोकिने छैन ।

५. शिलबन्दी बोलपत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.ब.बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी कागजातहरु व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत बोलपत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यायमा सुरक्षित रहनेछ ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको वा २ किस्ता बराबरको नगदै रकम कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य

अधिकृत छैनौ

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

web:www.jaleshwarmun.gov.np,info@jaleshwarmun.gov.np

किस्ताको हकमा अगामी वर्ष पौष १ गते भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८. किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ । पहिलो किस्ता पट्टा उठाउने दिन र अन्य किस्ता कार्यालयले तोकिएको मितिमा बुझाउनु पर्नेछ ।

९. बोलपत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको बोलपत्र स्वतः रद्ध हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्त बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ । वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।

१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।

१५. ठेक्का लिदाँ हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।

१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१९. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।

२०.अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२२. विद्यालय नजिक(बासोपट्टी गाँउको) पोखरी को न्युनतम अंक रु.४,००,०००।-( चार लाख मात्र)।

अधिकृत छैनौं

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी प्रदेश नं.२

पत्र संख्या:- ०७८/०७९
च.नं.:-

मिति:-२०७८।०८।०६

सूचना प्रकाशित मिति २०७८।०८।०६ गते

**पसल घरहरुको भाडा लगाउने सम्बन्धी सूचना**

जलेश्वर न.पा.वा.नं.२ स्थित अस्पताल नजिकको पसल घर २ देखी ७ सम्म, ज.न.पा. वार्ड नं.२ स्थित मालपोत नजिक रहेको पसलघर नं. ५ र ज.न.पा. वार्ड नं.२ स्थित अतीथि गृहमा रहेको पसलघर नं.१,२,३ र ६ को पसलघर भाडा लगाउन आ.व.२०७८।०७९ को २०७८ साल पौष ०५ गते देखि आ.व.२०७९/०८० को २०८० साल पौष ४ गते सम्म वर्ष २ को लागि पसल घर भाडा लिने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धीत सवैमा जानकारीको लागि यो प्रथम पटक १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म ,संघ,संस्थाको हकमा २०७८ साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपिको साथ निवेदन तथा पछि फिर्ता नहुनेगरी प्रति पसल घरको रु.१,०००।- बुझाई यो सुचना प्रकाशित मिति देखि १५ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखावाट वोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. पसल घर भाडामा लिने एउटा व्यक्तिको नाँउमा १ पसल घर मात्र भाडामा दिने कार्य हुनेछ र प्रति पसल घरको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्ने छ ।

४ यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन बाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वत: बदर हुनेछ ।

५ धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको दामासाहीले हुने ३ महिनाको भाडा रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहेको धरौटी खाता नं.१२७०१००३०३००००३ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ र धरौटी बापतको नगद रकमलाई मान्यता दिईनेछैन ।

अधिकृत छैनै

६ व्यक्ती, फर्म वा संस्थाको नामवाट खरिद भएको बोलपत्र अरु व्यक्ति,फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वतः बदर हुनेछ ।

७. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि १६ औ दिन को १:०० बजे यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उक्त बोलपत्रहरु १६ औ दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनि विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

८. पसल घरको भाडा रकमलाई दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता १ वर्ष बराबरको भाडा रकम चलन पुर्जी लिने दिन र १ वर्षको कुल भाडा रकम २०७९ साल पौष १ गते सम्ममा बुझाउनु पर्नेछ ।

९ पसल घर सम्वन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणवाट हुने हानी नोक्सानी जिम्मेवारी यस कार्यालयको नभै पसल घर भाडा लिने व्यक्तिको हुनेछ । स्वीकृत भाडा रकममा बन्द, हरताल आदि जस्ता कारणवाट कुनै पनि छुट वा मिनहाको दावी गर्न पाईनेछैन ।

१०.. पसल घर भाडा सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि पसल घर भाडा लिने व्यत्तिले बुझाउनु पर्नेछ र पसल घर भाडा अवधि सम्पन्न भएपछि म्याद थप गर्ने वा नगर्ने र भाडा रकम वृद्धि गर्ने वा नगर्ने अधिकार नगरपीलकाको निर्णय अनुसार हुनेछ ।

११. पसल घर भाडा दिने वा नदिने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. रित नपुगी,म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन

१३. यस सम्वन्धी अन्य कुरा बुझन आवश्यक भएमा यस कार्यालयको आर्थिक प्रशासन शाखा तथा राजश्व शाखामा कार्यालय समय भित्र बुझन सकिनेछ ।

१४. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१५. अस्पताल नजिक रहेको पसल घर २ देखी ७ सम्म प्रति पसल घरको मासिक रु.७,०००।-

१६ मालपोत नजिक रहेको पसल घर नं. ५ को मासिक न्युनतम अंक रु.३,०००।-

१७. अतिथि गृहमा रहेको पसल घर नं १,२,३ र ६ प्रति पसल मासिक रु.,४०००।- न्युनतम अंक कायम गरिएको छ।

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी प्रदेश नं.२


पत्र संख्याः-२०७८/०७९
च.नं.:-

मितिः-२०७८।०८।०६

## प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०८।०६

## विषय :- विज्ञापन करको बोलपत्र

१. यो सूचना प्रकाशित मितिले १५औं दिन भित्र यस कार्यालयवाट रु.१,०००।- (एक हजार) तिरि कार्यालय समय सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।
२. न.पा. अन्तर्गत लाग्ने विज्ञापन कर न.पा.ले तोकेको दरबन्दी बमोजिम ठेकेदारले असुल उपर गर्न पाउने छ ।
३. ठेक्का कबुल अंकको नेपाली नागरीकताको प्रतिलिपी सहित ५% विदेशी नागरिक भएमा १०% रकम यस कार्यालयको रा.बा.बैंक शाखा कार्यालय जलेश्वरको धरौटी खाता नं.१२७०१००३०३००००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ टिकट वापत रु.१०।- नगदै संकलन राखि पेश गर्नु पर्नेछ ।
४. नेपाल सरकारलाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्नेछ ।
५. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन करारनामामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
६. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा निहित रहनेछ ।
७. केरमेट भएको ठाउमा बोलपत्र दाताको सहिछाप नभएको म्याद नाधि पर्न आएको अथवा कुनै किसिमको शर्त राखेको बोलपत्र स्वीकृत गरिने छैन ।
८. बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
९. बोलपत्र तथा न.पा. विच कुनै किसिमको मतभिन्नता भएमा न.पा.को निर्णय अन्तिम हुनेछ ।
१०. बोलपत्र भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी शिलबन्दी गरी शिल लाहछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखी विज्ञापन करको शिल टेन्डर १६ औं दिनको १.०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
११.टेण्डर फारम १६ औं दिनको ३.०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । उक्त समयमा टेन्डर दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेन्डर खोलिने कार्य रोकिने छैन ।
१२.ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनु पर्नेछ र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा १ वर्ष म्याद भएको परफरमेन्स बोन्ड वा १ किस्ता बराबरको नगदै रकम कार्यालयमा प्राप्त भएपछि कबुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा आगामी वर्ष पौष ५ भित्र अर्को किस्ता बुझाउनु पर्नेछ र सो नबुझाएमा ठेक्का रद्द गर्ने तर्फ कार्यवाही भै जाने छ ।
१३. किस्ताको हकमा कबुल अंकको ३ किस्ता कायम गरिनेछ । पहिलो किस्ता पट्टा उठाउने दिन अन्य किस्ता कार्यालय ले तोकिएको मितिमा बुझाउनु पर्नेछ ।
१४. ठेकेदारले सम्झौता गर्दा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमूष्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
१५. यसमा नपरेका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१६. उल्लेखित मितिहरुमा विदा परेका खण्डमा सो को भोली पल्ट उक्त कार्य सम्पादन गरिनेछ ।
१७. यसै सूचना साथ २०७८।७९ देखि २०८०।८१ को विज्ञापन कर दरबन्दी संलग्न गरी राखिएको छ ।
१८. ठेक्का अवधि आ.व. २०७८।०७९ को २०७८ साल पौष ५ गते देखि आ.व. २०८०।०८१ को २०८१ साल अषाढ मसान्त सम्म कायम रहनेछ ।
१९. न्यूनतम अंक रु. ९,००,०००।०० (नौ लाख) मात्र ।


टेलिफोनः :०४४-५२०१४३ फ्याक्सः०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np

| क.सं. | विवरण | प्रतिवर्ग फिट रु. | वार्षिक |
|---|---|---|---|
| १. | मदक पदार्थ धुम्रपान<br>क) होडिंगवोर्ड/ डि.पि.एस. वोर्ड/ ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | २०।- | ५०।-<br>२५।- |
| २. | होटल तथा व्यापार व्यवसायको प्रबर्द्धन र सवारी साधन<br>क) होडिंगवोर्ड/ डि.पि.एस. वोर्ड/ ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | १५।- | ४०।-<br>१५।- |
| ३. | अन्य<br>क) होडिंगवोर्ड/ डि.पि.एस. वोर्ड/ ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | १५।- | ३०।-<br>८।- |

दरभाउ पत्र दाता ले भर्नुपर्ने ।

विज्ञापन करको प्रकाशित सूचना अनुसार २०८१ आषाढ मसान्त सम्मको लागि रु............................. अक्षरेपी रु. ............................................................. मा लिन मलाई मन्जुर छ । धरौटी वापत रु............... अक्षरेपी रु................................. को सक्कलै बैंक भौचर यसै साथ संलग्न छ ।

ठेक्का अवधि मैले सूचना तथा बोलपत्रको नियम शर्त समेत पढी बुझि ठेक्का लिन मंजुर छ । ठेक्का मेरो नाउमा स्वीकृत भएपछि सम्झौता गर्ने पत्रमा उल्लेखित निदिर्ष्ट म्याद भित्र कवुल रहेको यस कार्यालयमा एकमुष्ट वा बैंक ग्यारेन्टी दाखिला गरी ऐन नियम निर्देशन तथा माथि उल्लेखित शर्तको परिधि भित्र रही कवुलियत करारनामा गरी ठेक्का भोगचलन गर्नेछ । म्याद भित्र कबुल रकम यस कार्यालयमा दाखिला नगरेमा मैले राखेको धरौटी जफत गरी अर्को ठेक्का बन्दोवस्त भएमा मलाई मंजुर छ ।

बोलपत्र दाता
नामः-
ठेगानाः-
सहीछापः-

अधिकृत छैठौं